SGP The GEF Small Grants Programme



नवीकरणीय ऊर्जा तथा जलवायु मैत्री क्रियाकलाप मार्फत ग्रामीण समुदायको जीवनस्तरमा सुधार ल्याउन

# वातावरणमैत्री गाउँ विकास कार्यक्रम

## ग्रामीण प्रविधि केन्द्रको परिचय

ग्रामीण प्रविधि केन्द्र, उपयुक्त ग्रामीण प्रविधिहरू (खासगरी वैकल्पिक ऊर्जा) को प्रवर्द्धन तथा विस्तार लगायत वातावरणमैत्री क्रियाकलापहरू मार्फत्ग्रामीण समुदायहरूको जीवनस्तरमा सुधार ल्याउने उद्देश्यका साथ विगत ३० वर्ष देखि संचालित एक गैरसरकारी संस्था हो । यस संस्थाको स्थापना वि.सं. २०४६ साल भदौ (अगस्ट, १९८९) मा कम्पनीको रूपमा र पछि २०५६ सालमा संस्था दर्ता ऐन २०३४ अन्तर्गत जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा (दर्ता) भएको हो । यस संस्थाले विभिन्न सरकारी निकायहरू तथा गैरसरकारी संघ–संस्थाहरूसँगको समन्वय, परामर्श एवं सहकार्यमा वातावरणमैत्री, स्थानीय प्रविधिहरूबारे अध्ययन, अनुसन्धान, विकास तथा विस्तार सम्वन्धी थुप्रै गतिविधिहरू सञ्चालन गर्दै आईरहेको छ । खासगरी दुर्गम ग्रामीण समुदायहरूलाई लक्षित गरी उनीहरूको लैङ्गिक, सामाजिक, आर्थिक उन्नतीद्वारा ग्रामीण समुदायहरूको जीवनस्तर उकास्नका लागि उपयुक्त प्रविधिहरूको विस्तार ज्ञान, सीप र क्षमता अभिबृद्धि विशेष जोड दिंदै आएको छ । यस केन्द्रद्वारा निम्नानुसारका प्रविधि तथा कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

- जैविक ऊर्जामा आधारित प्रविधिहरू,
- जल ऊर्जामा आधारित प्रविधिहरू,
- सौर्य ऊर्जामा आधारित प्रविधिहरू,
- जलवायु परिवर्तन न्यूनिकरण तथा अनुकुलन,
- महिला सशक्तिकरण एवं लैंगिक मुल प्रवाहिकरण,
- उद्यम विकास तथा आय आर्जन,
- समुदायहरूको दिगो विकास सम्बन्धी अन्य विभिन्न क्रियाकलापहरू

## कार्यक्रमको परिचय

संसारमा मानव हितका लागि भैरहेको तिब्र भौतिक विकाससँगै, विश्व पर्यावरणमा परिरहेको नकारात्मक प्रभाव र यसका कारणबाट भोग्नु परिरहेका विभिन्न कठिनाईहरूबारे हामी सवैलाई थाहा नै छ । वातावरणमा बढ्दो कार्वन उत्सर्जनले गर्दा भू–मण्डलीय तापमानमा भइरहेको वृद्धि, घटिरहेको हिम क्षेत्र, जलवायुमा देखिएको अनपेक्षित परिवर्तन लगायत आजको विश्व परिवेशमा आईपरेका विभिन्न प्राकृतिक विपत्तीहरूलाई यसका उदाहरण स्वरूप लिन सकिन्छ। अतः आईपर्नसक्ने ती महासंकटहरू टार्न विकाससँगै वातावरण संरक्षणका लागि सवै सरोकारवालाहरूको साझा धारणा एवं प्रयास हुनु आजको आवश्यकता हो । वातावरणमैत्री गाउँ विकास अवधारणा ग्रामीण समुदायमा जलवायु परिवर्तनसँग सम्बन्धित जोखिमहरू र ग्रामीण विकासका मुद्दाहरूलाई सम्बोधन गर्ने संयन्त्रको रूपमा प्रस्तुत गरिएको छ । वातावरणमैत्री गाउँ विकास अवधारणले जलवायु अनुकूलन र न्यूनीकरणका उपायहरू दुवैलाई प्राथमिकता दिन्छ। वातावरणमैत्री गाउँ विकास अवधारणा अवस्थित गाउँमा विकास केन्द्रित कम कार्वन उत्सर्जन गर्ने एक एकिकृत अवधारण हो । जसमा ऊर्जा, खाद्यान्न, पानी र जिविकोपार्जनको लागि गाउँस्तरमा उपयुक्त किफायती वातावरणमैत्री विकल्पहरू एकिकृत समावेश गरिएको छ। यस अवधारणाले विपन्न वर्ग, विशेष गरी महिला, गरिव, पिछडिएको वर्ग र सिमान्तकृत समुदायहरूलाई विकासको मुल धारमा ल्याउने र सामाजिक, वातावरणीय र आर्थिकरूपमा समुदायको क्षमता अभिबृद्धि गरी महिला शशक्तिकरण र लैङ्गिक सहभागितामा प्राथमिकता दिन्छ । वातावरणमैत्री गाउँ विकास अवधारणाको एक महत्वपूर्ण पक्ष भनेको प्रत्येक वातावरणमैत्री विकल्पहरू उपभोक्ताको छनोट अनुसार हुनु हो, जुन त्यहाँको समुदायकोजीवनस्तरमा सुधार ल्याउने, कम कार्वन उत्सर्जन गर्ने र जलवायु परिवर्तको असरलाई न्यूनीकरण गरी अनुकुलन गर्ने खालका हुन्छन् । यसै सन्दर्भमा, SGP/GEF/UNDP को आर्थिक सहयोगमा "नवीकरणीय ऊर्जा तथा जलवायुमैत्री क्रियाकलाप मार्फत् ग्रामीण समदायको जीवनस्तरमा सधार ल्याउन वातावरणमैत्री गाउँ विकास कार्यक्रम सञ्चालन भएको छ । यो कार्यक्रमको कार्यान्वयन ग्रामीण प्रविधि केन्द्र मार्फत् हुनेछ भने यस कार्यक्रममा आवश्यक पर्ने वातावरणमैत्री विकल्पहरूको आपूर्ति ग्रामीण ऊर्जा तथा तथा प्रविधि सेवा केन्द्रबाट गरिनेछ। स्थानीयस्तरमा कार्यक्रम सञ्चालन गर्नको लागि लाभान्वित समुदायबाट गठित समितिको उल्लेखनीय भूमिका रहनेछ।

## वातावरणमैत्री गाउँ विकास अवधारणा के हो ?

वातावरणमैत्री गाऊँ विकास अवधारणा एउटा यस्तो खोजमुलक नयाँ विकास सोच हो, जुन नेपाल जस्तो बढ्दै गरेको अर्थतन्त्र भएका मुलुकहरूको उन्नतिका लागि अन्य विकास लक्ष्यहरू सहित प्रदुषण नियन्त्रण एवं गरीवी घटाउने उत्तम विकल्प हुन सक्छ ।

- गरीबी न्यूनिकरण एवं जीवनस्तर सुधारका विभिन्न विकल्पहरू नविकरणीय ऊर्जा प्रविधिहरूको प्रवर्द्धन, पानी, कृषि, करेसाबारी तथा गृह–व्यास्थापन मार्फत् गरिने ग्रामीण विकास सम्बन्धी वातावरणमैत्री एकिकृत प्रयास हो ।
- गाउँहरूको भौगोलिक अवस्था, प्राकृतिक स्रोत, जलवायु, हावापानी लगायत उनीहरूको आर्थिक–सामाजिक जीवनस्तरको अध्ययन मार्फत् आवश्यकताहरू पहिचान गरी उनीहरूकै सक्रिय सहभागीतामा विकास सम्बन्धी योजना तर्जुमा एवं कार्यान्वयन गर्ने नयाँ विधि हो ।
- वातावरणमा बढ्दो कार्वन उत्सर्जन एवं जलवायु परिवर्तनका असरहरूलाई न्यूनकरण गर्दै अनुकुलनका प्रयासहरूलाई सहयोग पुर्याउने प्रभावकारी विकल्प हो ।
- स्थानीय समुदायहरूको ज्ञान, सीप तथा क्षमता विकास मार्फत् उनीहरूकै रोजाइका विकल्पहरू एवं उनीहरूसँगै भएका साधन–श्रोतहरूको परिचालनद्वारा गरिने दिगो विकास सम्बन्धी सोच हो ।

"वातावरणमैत्री गाउँ स्थानीय समुदायहरूको एउटा यस्तो विशिष्ट सामाजिक अवस्थिति हो, जहाँ उनीहरुका पर्यायवरणीय, सामाजिक एवं भावनात्मक मूल्य-मान्यताहरू बिच घनिष्ट सम्बन्ध रहेको हुन्छ। साथै उनीहरू धर्तीलाई दिने भन्दा धर्तीबाट लिने धेरै नहोस भन्ने सामान्य सिद्धान्त सहित कार्य गर्दछन् ।"


| | |
|---|---|
| परियोजनाको नाम | नवीकरणीय ऊर्जा तथा जलवायु मैत्री क्रियाकलाप मार्फत ग्रामीण समुदायको जीवनस्तमा सुधार ल्याउन वातावरणमैत्री गाउँ विकास कार्यक्रम |
| लाभाम्वित घरधुरी संख्या | १०० |
| परियोजनाको अवधि | १६ महिना (डिसेम्बर २०१९ - अप्रिल २०२१) |
| आर्थिक सहयोग | Small Grant Programme/Global Environment Facility/ United Nation Devlopment Programme |
| परियोजनाको कार्यान्वयन गर्ने संस्था | ग्रामीण प्रविधि केन्द्र |
| वातावरणमैत्री विकल्प तथा प्रविधिको आपुर्ति गर्ने संस्था | ग्रामीण ऊर्जा तथा प्रविधि सेवा केन्द्र |

## कार्यक्रमको मुख्य उद्देश्य

यस कार्यक्रमको मुख्य उद्धेश्य भनेको भंगाला गाउँका १०० घरधुरीमा वातावरणमैत्री विकल्पहरू जडान गरी यसको माध्यमबाट हाल भईरहेको जलवायु परिवर्तको असरलाई न्यूनीकरण गरी समुदायको जीवनस्तरमा सुधार ल्याउने रहेको छ ।

## कार्यक्षेत्र

भङ्गालागाउँ, च्यासिङ्गखर्क वडा नं ५ बेथानचाक गाउँपालिका काभ्रे जिल्ला यस परियोजनाको मुख्य कार्यक्षेत्र हो ।




## कार्यक्रमका सम्वन्धित सरोकारवालाहरु

- भङ्गाला गाउँ, भित्र बसोबास गर्ने स्थानीय समुदायहरू, समूहमा आवद्ध भएका महिला, एकल महिला,गरिव, पिछडिएको वर्ग र सिमान्तकृत समुदाय तथा युवा समुदाय लगायत सम्पूर्ण स्थानीय उपभोक्ताहरू यस कार्यक्रमका मख्य सरोकारवालाहरू हुन्।
- च्यासिङ्गखर्क वडा नं ५, बेथानचोक गाउँपालिका र परियोजना क्षेत्र तथा बेथानचोक गाउँपालिका भित्र सक्रिय रहेका लघुवित्त वित्तीय संस्थाहरू यस कार्यक्रमका मुख्य सरोकारवालाहरू हुन् ।

## कार्यक्रम कार्यान्वयन रणनीति तथा कार्यक्रम

### १. योजना चरण

- लाभान्वित समुदाय भित्रबाट समिति गठन ।
- सरोकारवालाहरूलाई वातावरणमैत्री गाउँ विकास अवधारणको तथा वातावरणमैत्री विकल्पहरू बारेमा सचेतीकरण गरी वनचेतना बढाउने ।
- वातावरणमैत्री गाउँ बिकास विकल्पहरूको प्रदर्शनी गरीघरधुरीहरूले आवश्यकता अनुसार रुचाएको वातावरणमैत्री विकल्पहरूको माग संकलन गर्ने ।
- परियोजना क्षेत्रमा कार्यरत रहेका लघुवित्त वित्तीय संस्थाहरूसँग संमन्वय गरी वातावरणमैत्री विकल्पहरूमा लगानी गर्न प्रोत्साहन गर्ने ।


## २. कार्यान्वयन चरण

- लाभान्वित घरधुरीहरूको माग बमोजिम वातावरणमैत्री विकल्पहरूको जडान तथा मर्मत संभार क्षमता अभिवृद्धि प्रदान गरी प्रविधि प्रयोग गर्न सक्षम बनाइने छ।
- ग्रामीण समुदायलाई जलवायु अनुकूलन हुने प्राङ्गारिक खेती तथा मल, पानी तथा फोहर व्यवस्थापन र प्लाष्टिक टनेल र थोपा सिंचाई प्रयोग सम्बन्धि क्षमता अभिबृद्धि तालिम दिईनेछ ।
- वडा कार्यालय तथा गाउँपालिका पदाधिकारीसँग समन्वय र सहकार्य गरी सहभागीतामुलक वातावरणमैत्री गाउँ विकास योजना तयार गर्ने ।
- परियोजनाका क्रियाकलापहरू तथा उपलब्धिबारे नियमित अनूगमन तथा मुल्याङ्कन गर्ने ।
- कार्यक्रमबारे चासो राख्ने नजिकका गाउँहरूलाई, जिल्ला तथा राष्ट्रिय स्तरका सरोकारवालाहरूको लागि वातावरणमैत्री गाउँको अवलोकन तथा भ्रमण गराई वातावरणमैत्री गाउँ विकास अवधारणाको प्रदर्शन गर्ने ।


## ३. अन्तिम चरण


- परियोजनाका क्रियाकलापहरू तथा उपलब्धी झल्किने सफलताको कथा तथा वृत्तचित्र निर्माण गर्ने ।
- यसको साथै कार्यक्रममा चासो राख्ने स्थानीय निकाय, समुदायको प्रतिनिधिको उपस्थितीमा परियोजना समापन गोष्ठी आयोजना गर्ने ।
- समाज कल्याण परिषद्का प्रतिनिधीहरूबाट परियोजना अनुगमन तथा मूल्याङ्कन गर्न सहजिकरण गर्ने ।

## कार्यक्रम अन्तर्गत जडान हुने वातावरणमैत्री विकल्पहरु


बायोग्यास
(१५ वटा)


सुधारिएको चुलो
(५० वटा)


प्लाष्टिक टनेल, थोपा सिँचाई
(३० वटा)


वृक्षारोपण
(१००० वटा)


सुधारिएको घट्ट
मर्मत सम्भार (५ वटा)


सोलार ड्रायर
(१० वटा)


## कार्यक्रम अन्तर्गत प्रदान गरिने तालिमहरु

| | |
|---|---|
|  | प्राङ्गारिक खेती |
|  | कृषिमा आधारित व्यवसाय |
|  | प्लाष्टिक टनेल र थोपा सिँचाइ |
|  | प्राङ्गारिक र जैविक मल |
|  | परियोजना अन्तर्गत वातावरणमैत्री प्रविधिहरूको मर्मत सम्भार |
|  | पानी तथा फोहोर व्यवस्थापन |

## अपेक्षित उपलब्धिहरु

- विभिन्न वातावरणमैत्री विकल्पहरू जडान गरी वातावरणमैत्री नमूना गाउँ स्थापना गर्ने र यसैका माध्यमहरूवाट स्थानीय समुदायको जीवनस्तरमा सुधार ल्याउने ।
- वातावरणमैत्री गाउँ विकास अवधारणाका बारेमा परियोजनाका सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने ।
- वातावरणमैत्री गाउँको लागि आवश्यक पर्ने वातावरणमैत्री विकल्पहरूमा पहुँच सुनिश्चित गर्न समुदाय र वित्तीय संस्थाहरू बीच सम्बन्धको विकास हुने ।
- भंगालागाउँका १०० घरधुरीमा मागमा आधारित विभिन वातावरणमैत्री विकल्पहरू परियोजनाको लक्ष्य अनुरूप जडान गर्ने ।
- ग्रामीण समुदायले जलवायु मैत्री कृषि अभ्यासको परिचय र कृषिमा आधारित उद्यमको सुरुवात भई समुदायको जीवनस्तरमा सुधार हुनेछ।
- सुधारिएको चुलो र बायोग्याँसको प्रयोगले हरित गृह ग्याँस उत्सर्जनमा कमी (२२३.९५ टन प्रति वर्ष कार्वनडाइअक्साईड)।
- च्यासिङ्खर्क वडा नं ५ को लागि वातावरणमैत्री गाउँको बिकास योजना दिसा निर्देशन ।
- वातावरणमैत्री गाउँको बिकास र स्थानिय उत्पादनको लागि बजार सञ्जालसँग जोड्ने वातावरण सृजना गर्ने ।

**सम्पर्कः** ग्रामीण प्रविधि केन्द्र, भनिमण्डल, ललितपुर | जी.पि.ओ. बक्स: ३६२८, काठमाडौं फोन नं: ०१–५५४७६२७
फ्याक्स:५५३००७१ | ईमेल: info@crtnepal.org | वेवसाईटः www.crtnepal.org